नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
# कार्यक्रम कार्यान्वयन एकाइ
बर्दिया
(कार्यक्षेत्र: बर्दिया र बाँके)

फोन न ०८४- ४६०१४९, ०८४-४२०१०७
इमेल: pmamp.piu.bardiya@gmail.com
वेबसाइट: www.piubardiya.pmamp.gov.np

प.स. २०८३/०८४
च.न.

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालनका लागी प्रस्ताव आह्वान सम्वन्धि सूचना

सूचना नं १३

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०६/१४

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, बर्दियाको चालु आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यक्रम कार्यान्वयन एकाइको कार्यक्षेत्र (बर्दिया र बाँके) मा कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले **"कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२"** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपशिलमा उल्लेखित आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले ७ औं दिन अर्थात मिति २०८३/०६/२० गतेभित्र यस कार्यालयमा अनुसुची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसुची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल

| कार्यक्रमको नाम | लक्षित लाभग्राही | सञ्चालन हुने क्षेत्र | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यम-शिलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६-४० वर्ष उमेर समुहभित्रका युवा कृषक | बर्दिया र बाँके जिल्लाभरि | प्रस्तावको कुल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैङ्क खातामा भुक्तानी गरिने |

कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तु तथा क्रियाकलापहरु

१. तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारिकरण ।
२. बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण ।
३. दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात ।
४. च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण ।
५. मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारिकरण ।
६. अदुवा, बेसार लगायतका मसलाबालीको प्रशोधन तथा बजारिकरण
७. मौरीपालन व्यवसाय र मह प्रशोधन ।
८. जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारिकरण ।
९. प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारिकरण ।
१०. बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु कल्चर प्रविधिबाट बीउ र बिरुवा उत्पादन गर्ने व्यवसाय ।
११. फलफुल प्रशोधन र बजारिकरण ।
१२. खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन ।
१३. ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन प्रशोधन र भण्डारण ।
१४. साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन ।
१५. घाँसबाट हे, साईलेज तथा हेलेज उत्पादन व्यवसाय ।
१६. अर्गानिक कृषि निर्यात ।
१७. व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन ।
१८. जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारिकरण ।

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:

१. रितपुर्वक भरिएको निर्धारित अनुसुची-३ बमोजिमको प्रस्ताव आवेदन फारम ।
२. निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि) ।

नि. प्रमुख

"स्वदेशी उत्पादनमा लगानी, आत्मनिर्भर कृषिको थालनी" "Invest in Domestic Production, Path to Self-Sufficiency"

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बर्दिया
(कार्यक्षेत्रः बर्दिया र बाँके)

फोन न ०८४- ४६०१४९, ०८४-४२०१०७
इमेलः pmamp.piu.bardiya@gmail.com
वेबसाइटः www.piubardiya.pmamp.gov.np

प.स. २०८३/०८४
च.न.

३. कार्यक्रम सञ्चालनको लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तिमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तिमा १० वर्षका लागि सम्झौता पत्रको प्रतिलिपि) ।

४. उद्यम वा व्यवसाय दर्ता भएको भएमा कानुन बमोजिम दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।

५. कृषक समुह/सहकारी/फर्म/कम्पनी/उपभोक्ता समितको यस कार्यालयमा सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी ।

६. संस्थाको स्थाइ लेखा नं प्रमाणपत्रको प्रतिलिपि र आ.व.२०८२/८३ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

७. समुह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समुह/सहकारी संस्थाको सिफारिस पत्र ।

८. स्थानिय तहको कृषि/पशु शाखाको सिफारिस पत्र ।

नोटः कार्यक्रम प्रस्तावना फारम कार्यालय तथा कार्यालयको वेबसाइट **www.piubardiya.pmamp.gov.np** बाट प्राप्त गर्न सकिनेछ, **विस्तृत जानकारीको लागीः** (बर्दिया, गुलरियाः ०८४-४२०१०७, ९८५८०३४४४३, सम्पर्क स्थल राजापुरः ०८४-४६०१४९, ९८४४८४०३४८, बाँके, नेपालगञ्जः ०८१-५३७७६१, ९८५८०३०७६२)

नि. प्रमुख